वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक १८६ | २०८२ कात्तिक ३० गते आइतबार, नेपाल सम्वत् ११४६ November 16, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**किसानलाई धान भित्र्याउने चटारो:** तनहुँको भानु नगरपालिका-१३ मिर्लुङस्थित कुडुले खेतमा पाकेको धान थनकाउनका लागि झाट्दै गरेका किसानहरू । यतिबेला असारमा रोपेको धानको बीउ पाकेपछी किसानलाई थन्काउने चटारो छ । *तस्बिर : भञ्ज्याङ*

# समस्याग्रस्त सडकमा काम सम्पन्न गर्ने चुनौती

**कृष्ण न्यौपाने**/दमौली

तनहुँका तीन ठूला सडक आयोजना निर्माण सुरू भएको लामो समय भएपनि सम्पन्न गर्न नसक्दा चुनौति थपिएको छ । गण्डकी प्रदेश सरकारको बजेटमा निर्माण सुरू गरिएका यहाँका तीन सडकलाई समस्याग्रस्त आयोजनामा राखिएको छ ।

भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको बजेटबाट सुरू गरिएका जिल्लाका तीन सडकलाई पूर्वाधार विकास कार्यालय तनहुँले समस्याग्रस्त आयोजनाका रूपमा राखेको कार्यालय प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो ।

तिवारीका अनुसार आँबुखैरेनी छिम्केश्वरी सडक, दुलेगौडा हर्कपुर सडक र भानुमार्ग चन्द्रावती पिलिगार्ग, कुन्छा कालीमाटी सडकलाई समस्याग्रस्त आयोजनाका रूपमा राखिएको जानकारी दिंदै उक्त सडक सम्पन्न हुन नसक्दा समस्या भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "लामो समयदेखि निर्माण सुरू भएर पनि समयमै काम सम्पन्न हुन नसकेका यी आयोजनामा काम सम्पन्न गराउन खबरदारी गर्दै आएका छौँ ।"

आँबुखैरेनी छिम्केश्वरी सडक (पहिलो खण्ड) कालोपत्रका लागि विसं २०७६ मङ्सिर ६ गते सम्झौता भएको थियो । विसं २०७८ फागुन १३ गतेसम्म सम्पन्न गर्नुपर्ने म्याद भए पनि पटक–पटक म्याद थप गरिएको कार्यालयले जनाएको छ । उक्त सडकको अन्तिम विसं २०८२ असोजसम्म थियो ।

प्रमुख तिवारीका अनुसार उक्त सडकको भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ८९ प्रतिशत भएको छ । उक्त सडकका लागि रू ३६ करोड पाँच लाख ५० हजार पाँच सय १५ मा एमएस शर्मा काष्ठमण्डप जेभी बल्खुसँग सम्झौता भएको थियो । १६ किलोमिटर लम्बाइ उक्त सडकका लागि रू ३१ करोड ९२ लाख ९७ हजार चार सय ४२ भुक्तानी भइसकेको छ । गत आर्थिक वर्षमा उक्त सडकका लागि रू तीन करोड ५० लाख बजेट विनियोजन भएको थियो ।

भानुमार्ग चन्द्रावती पिलिमार्ग कुन्छा कालिमाटी सडक निर्माणका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । सम्झौता अनुसार विसं २०७८ माघ १५ गते सम्पन्न गर्नुपर्ने थियो । तर उक्त खण्डमा पनि पटक पटक म्याद थप गरिएको छ । हाल उक्त सडकको म्याद विसं २०८२ चैतसम्म थप भएको छ । १० दशमलव १२ किलोमिटर उक्त खण्डमा हालसम्म ५० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ ।

रू २३ करोड दुई लाख ८० हजार छ सय ६१ को लागतमा एमएस शङ्करमालि निर्माण सेवा प्रालिसँग सम्झौता भएकामा रू दश करोड ११ लाख एक हजार सात सय ५० भुक्तानी भएको छ। गत आर्थिक वर्षमा उक्त सडकका लागि रू तीन करोड ५० लाख बजेट विनियोजन गरिएको थियो।

यस्तै एमएस शङ्करमाली निर्माण सेवाले नै ठेक्का पाएको दुलेगौडा हर्कपुर सडकको काम पनि अलपत्र छ । उक्त सडक स्तरोन्नतिका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । विसं २०७८ माघ १५ मा सकिनुपर्नेमा उक्त खण्डको म्याद पनि पटक पटक भप भएको छ । हाल विसं २०८२ चैत प्रस्ताव गरिएको पूर्वाधारा विकास कार्यालयले जनाएको छ ।

उक्त सडकमा ५० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ । हालसम्म रू १३ करोड चार लाख ११ हजार सात सय ५३ भुक्तानी भएको छ। गत आर्थिक वर्षमा उक्त सडकका लागि रू दुई करोड बजेट विनियोजन भएको थियो ।

१० दशमलब १८ किलोमिटर सडक स्तरोन्नतिका लागि रू २५ करोड ९९ लाख दुई हजार आठ सय ९५ मा सम्झौता भएको थियो। शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ। *रासस*

# देशका ७७ जिल्लामा एमालेका सभा सम्पन्न

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आज ७७ वटै जिल्लामा जनप्रदर्शनसहित जनसभा गरेको छ ।

पार्टीको प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले तेस्रो चरणको कार्यक्रमअन्तर्गत आज जिल्लास्तरमा जनसभा गरेको बताउनुभयो । जिल्लामा हुने सभालाई पार्टीका केन्द्रीय नेतादेखि शीर्ष नेताहरूले सम्बोधन गर्नुभएको छ ।

उहाँका अनुसार आजको जनसभामा महासचिव शंकर पोखरेलले बाँकेको नेपालगञ्ज, उपमहासचिव प्रदीप ज्ञवालीले गुल्मी र उपमहासचिव पृथ्वीसुब्बा गुरूङले लमजुङको आमसभालाई सम्बोधन गर्नुभएको छ । यसैगरी रूपन्देहीको कार्यक्रममा सचिव छविलाल विश्वकर्मा, झापाको विर्तामोडमा सचिव पद्मा अर्याल र कैलालीको धनगढीमा सचिव लेखराज भट्टले सम्बोधन गर्नुभएको छ ।

एमालेले भदौ २३ र २४ मा 'जेनजी' प्रदर्शनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन, तोडफोड, लुटपाट र आगजनीमा संलग्नलाई कारबाही तथा प्रतिनिधिसभा पुन:स्थापनालगायत माग गर्दै जनप्रदर्शन र सभा गरेको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो । मुलुकमा विकसित राजनीतिक घटनाक्रम र एमालेको आगामी बाटोका विषयमा कार्यकर्तालाई जानकारी गराउन सभा गरिएको उहाँले बताउनुभयो ।

यसअघि एमालेले यही कात्तिक २२ गते देशका सबै वडामा वडा भेला र कात्तिक २५ गते ७५३ वटै पालिकास्तरमा भेला सम्पन्न गरिसकेको छ ।

www.bhanjyangnews.com

# मतदाता नामावली उत्साहपूर्वक सङ्कलन गरिंदै

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

राष्ट्रिय परिचयपत्र प्रयोग गरेर पनि मतदाता नामावली सङ्कलन सुरु गरेपछि नयाँ मतदाताको सङ्ख्या उत्साहजनक रूपमा वृद्धि हुन थालेको छ ।

सम्बन्धित निर्वाचन कार्यालयमा नामावाली दर्ता गराउँदै आएको आयोगले चाप व्यवस्थापन गर्न यही कात्तिक २७ गतेदेखि राष्ट्रिय परिचयपत्र प्रयोग गरेर पनि जैविक विवरण (फोटो तथा औँठाछाप) दिन सकिने व्यवस्था गरेपछि परिचयपत्र बनाउनेको सङ्ख्या बढेको छ ।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरेर आयोगले मतदाता नामावली र अद्यावधिक कार्य सञ्चालन गरेको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय परिचयपत्र प्रयोग गरेर कात्तिक २९ गते राति ९:०० बजेसम्म ५० हजार २१७ पुरुष, ३० हजार २३५ महिला र चार अन्यगरी ८० हजार ४५६ नयाँ मतदाता थपिएका छन् । योसँगै निर्वाचन घोषणा भएपछि दर्ता भएका मतदाताको सङ्ख्या दुई लाख ८१ हजार १२९ पुगेको छ । आयोगले नामावली दर्ता जारी राखेको छ ।

# गाँजाखेतीसम्बन्धी विधेयक विषयगत समितिमा

**रासस**/गण्डकी

गण्डकी प्रदेशसभामा सामान्य छलफलपछि संशोधन प्रस्तावसहित 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक' दफावार छलफलका लागि विषयगत समितिमा पठाइएको छ।

यही कात्तिक २४ गते बसेको प्रदेशसभा बैठकमा प्रस्तुत भएको उक्त विधेयकमा दुई जना प्रदेशसभा सदस्यबाट संशोधनको सूचना प्राप्त भएको थियो ।




शुक्रबारको प्रदेशसभा बैठकले संशोधन प्रस्तावसहित उक्त विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्तावलाई सर्वसम्मत पारित गरेको प्रदेशसभाका उपसभामुख वीनाकुमारी थापाले जानकारी दिनुभयो । विषयगत समितिमा दफावार छलफपछि पुन: प्रदेशसभामा बैठकमा छलफल भएपछि विधेयक पारितको प्रक्रिया अगाडि बढ्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

लागुऔषधसम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी गाँजाखेतीसम्बन्धी कानुन बनाउने तयारीमा प्रदेश सरकार छ । प्रदेशसभामा प्रस्तुत भएको भइसकेको उक्त विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको छ । प्रदेश सरकारले गाँजाखेतीसम्बन्धी नौ प्रकारका इजाजत दिनेगरी विधेयकको तयार पारेको हो । जसमा प्रतिव्यक्ति निवेदन दस्तुरको रू पाँच हजारदेखि खरिद बिक्रीसँगै आयात–निर्यातका लागि रू एक करोड ५० लाखसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ। गाँजा खेतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णय गर्ने अधिकार मुख्यमन्त्रीमा रहने गरी विधेयकमा प्रस्ताव गरिएको छ । अनुमतिबिना गाँजाखेती, ओसारपसार र बिक्रीवितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेलजस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था विधेयकमा गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली 'गाँजा नियमन बोर्ड' गठनको प्रस्ताव गरिएको छ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com

# मैकोट गाउँ : पर्यटन र मगर संस्कृति

◆ के.बि. मसाल

शरद ऋतुको आगमन हुन थालेको छ। शरद ऋतुमा पर्ने असोज र कार्तिक महिना पर्यटनको लागि राम्रो महिना मानिन्छ। यो समयमा पर्यटकहरूलाई यात्रा गर्न सजिलो हुन्छ । आजभोली घुमफिर गर्नको लागि धेरै पर्यटकहरू लामो बिदाको पर्खाइमा हुन्छन । कतिपयले दसैको बिदालाई नयाँ ठाउमा घुमफिर गर्ने योजना बनाएका हुन्छन । तपाई दसै पर्वमा नयाँ ठाउमा घुमफिर गर्ने सोचमा हुनुहुन्छ भने पूर्वी रूकुमको पुथा उत्तरगंगाको मैकोट गाउँमा जानुहोस । मैकोट प्राकृतिक रूपले सजिएको सुन्दर गाउँ हो ।

लुम्विनी प्रदेशको हिमाली जिल्ला पूर्वी रूकुम भौगोलिक दृष्टिकोणले दुर्गम पर्दछ। तर दुर्गम भए पनि पदयात्रामा रमाउने पर्यटकहरूका लागि खाम मगरको संस्कृति र हिमाल, हिमतालको बारेमा अध्ययन अवलोकन गर्न पुग्नै पर्ने ठाउँ हो । पूर्वी रूकुममा पर्यटनको लागि पुथा उत्तरगंगा, भूमे र सिस्ने गाउँपालिकामा फरक–फरक गन्तव्य पर्दछन् । पुथा उत्तरगंगामा हिमाल र हिमताल धेरै छन् । भूमेमा मगर बस्ती, मारिङ लेक, चुनबाङको भेरीडाँडा र महत गाउँजस्ता सास्कृतिक पर्यटकीय क्षेत्र पर्दछ । सिस्ने गाउँपालिका सिस्ने हिमाल, कमलदह, तातोपानी र देउराली गुफा पर्यटनका लागि आकर्षण गन्तब्य मानिन्छ । पूर्वी रूकुमको सबै भूगोलमा पर्ने पर्यटकियस्थल पुग्नको लागि सबै पर्यटकहरूको समय नहुन सक्दछ। यात्राको समय बढाउन सके र पर्यटकहरूको रूचि भयो भने हुकाम, रन्मा मैकोट पुग्दा तकसेरा, कोल, राङसी, जाङ, सिस्ने, प्वाङ, काँडा, मोराबाङ, कात्री गाउँमा पनि पुग्न सकिन्छ । यी सबै गाउँलाई सातगाउँ खोला अर्थात पर्वत क्षेत्र भनेर पनि चिनिन्छ । तर पनि मैकोट जादा पर्यटकहरूले बाटोमा पर्ने धेरै गाउँ ठाउँहरू अवलोकन गर्न सक्दछन।



मैकोट ऐतिहासिक गाउँ पनि हो । मैकोट पुन थरका मगरको उदगमथलो पनि हो । खाम मगर भाषामा मईको अर्थ पहलमान भन्ने बुझाउँछ भने कोइ शब्दले हातहतियारले सुसज्जित भन्ने जनाउँछ । बोल्ने क्रममा मइकोइ अपभ्रंश भई मैकोट भएको मानिन्छ। अर्को अर्थमा मैकोटलाई पहलमानहरूको किल्ला भन्ने पनि गरिन्छ । पर्यटकहरूले गाउँमा बाक्ला मिलेर बनेको मगर बस्तीहरू आफ्नै छुट्टै कला, संस्कृति, रहनसहन खाम मातृभाषा बोल्ने पृथक समुदायहरूको अध्ययन गर्न सक्दछन । मगर बस्तीहरूमा सयौँ वर्षअघि निर्माण भएका ढुङ्गा र माटाका घर छन् । मगर जातिको बाहुल्यता रहेको मगर बस्ती र एउटा घरको छत अर्थात छानो अर्को घरको आँगन देख्दा पर्यटकहरू अचम्म पर्दछन । कुनै चित्रकारको डिजाइनमा तयार गरिएको एकीकृत बस्तीको ढाँचाजस्तो देखिने खेतीयोग्य जमिनलाई छाडेर अलग्गै निर्माण भएका बाक्ला बस्ती मैकोटमा पर्दछ । पर्यटकहरू यी बस्तीलाई आफ्नो क्यामेरामा कैद गर्दछन । मैकोट गाउँ रमणीय मात्र होइन प्रकृतिसँग रमाउने पर्यटक गाउँमा पुगेपछि फर्कन नपरे हुन्थ्यो भनेझै गर्दछन। मैकोट गाउँका लोभलाग्दा प्राकृतिक सम्पदा पर्यटकहरूका लागि अर्को आकर्षण बन्दछ। मैकोट पुगेपछि झारलुङ, पेल्माखार, योमाखार, पुछर, दुले, इम, तिज्याङ गाउँ पनि पर्यटकहरूलाई घुमफिर गर्न रमणीय छन् ।

मैकोट पुग्ने पर्यटकहरूले खाम मगर जातिको मौलिक संस्कृति, परम्परा, जीवनशैली, रहनसहन, भेषभूषा, भाषाको समेत अध्ययन गर्न सक्दछन् । सिस्ने हिमाल पूर्वी रूकुमको रमणिय एबम सुन्दर हिमाल हो । सिस्ने हिमाललाई स्थानिय भाषामा मुर्कट्टा हिमाल पनि भनिन्छ । यो हिमाल कान्जिरोवा हिम श्रृखला अन्तर्गत पर्दछ । तर, पर्यटकहरूले मैकोट वरपर चुरेन, पुथा हिउँचुली, दोगारी र साम्जाङ हिमाललाई नजिकैबाट अवलोकन गर्न सक्दछन् । हिमालको फेदीमा रहेका सुनदह, राक्षसदह, पार्वीवार्मी लगायतका दह अवलोकन गर्न सक्दछन । पेल्मा नजिकैको प्राकृतिक तातो पानीको कुण्डमा नुहाउन पाउदा मैकोट पुग्ने पर्यटक दगं पर्दछन् । मैकोटमा शहर बजारमा जस्ता ठूला होटल र लज त छैन तर पनि पर्यटकहरूलाई बास दिन र खानपिनको व्यवस्था गाउँलेहरूले गर्दछन् । अब गाउँमा होमस्टे शैलीका होटेल खुल्न थालेका छन् । मैकोट गाउँमा पर्यटकहरूले स्थानीय कोदो, जहुँ, मकै, आलु आदिका परिकार खान पाउछन् । गाउँ वरपरका जडिबुटी र स्याउखेतीले पर्यटकलाई लोभ्याउन पनि सक्दछ । मैकोटको खाम मगर भाषा अरूभन्दा मौलिक रहेकाले भाषा विज्ञानका विद्यार्थीको लागि थप अध्यनको बिषय बन्दछ ।

पर्यटनको लागि मैकोटका सबै गाउँ आकर्षक मानिन्छन । मैकोटमा कोटाले डेरा, कान्छाबारा, बार्गर डेरा, दलित टोल, काल्दुङ, धारागाउँ र स्युरूम गरी सातवटा टोल अर्थात गाउँहरू छन् । गाउँमा पुन, घर्ती, बुढा, रोका थरका मगरसँगै कामी, दमाई, गुरूङ र शाहीठकुरी मैकोटका वासिन्दा छन् । गाउँको विचमा मस्टा छ । मस्टा अदृष्य रहने देवता भएको हुदा मूर्ति राखिएको छैन । तर पनि मस्टा थानलाई मैकोट गाउँको शिरमा सजाएर राखिएको छ । मैकोटका स्थानीय बासिन्दाका अनुसार जाजरकोटमा रहेको मस्टालाई जेठा, त्रिपुराकोटमा रहेको मस्टालाई माइला र मैकोटको मस्टालाई कान्छा भन्ने गरिन्छ । मस्टामा विशेषगरी दशैंको महानवमीको दिन पुजाआजा गर्ने गरिन्छ । मैकोटको संस्कृति अन्यत्रको भन्दा भिन्न छ । मैकोटका खाम मगर प्रकृतिका पुजारी हुन । दसैं मान्दछन्, तर तिहार मनाउँदैनन् । तिहारको सट्टा मंसिरे संक्रान्ति भब्य रूपले मनाउँछन् । दसैंको मष्टापूजा र मंसिरे पूर्णिमाका अवसरमा गरिने पितृपूजामा पूजा गर्नेलाई आफ्ना भाञ्जाहरूले ढाडमा बोकेर घरसम्म पुऱ्याउने चलन छ । मंसिरे संक्रान्तिमा दिदीबहिनी र दाजुभाइबीच टीका लगाउने चलन छैन । तर माघे संक्रान्तिमा चेलीबेटीलाई रोटी, मासु, तरूल, फलफूल, लगाउने कपडा दिएर टिका लगाउने गरिन्छ । मैकोट गाउँमा केहि घर गुरूङ जातीको पनि बसोवास छ । तर उनिहरूको सबै संस्कार मगरसंग मिल्दछ ।

मैकोटलाई आदिम सांस्कृतिक थलोका रूपमा चिनिन्छ । मगर खाम समुदायको जीवनशैली हिमाली संस्कृतिसँग मिल्दोजुल्दो छ । मैकोटमा पर्यटक रमाउने भनेकै मगर खाम भाषाको अध्ययन, पाटन, वनस्पति, जंगल, नदीनाला, तालतलैया र वन्यजन्तुहरू हुन् । मगर खाम गाउँका बासिन्दा सामूहिकतामा विश्वास गर्छन् । सामाजिक एकताबिना उनीहरू आफ्नो अस्तित्व स्वीकार्न नगर्ने संस्कार छ । मगर खामहरूको गाउँमा समान संरचनामा घर निर्माण भएका हुन्छन् । गाउँमा खेतीपातीमा अर्मपर्मको सिद्धान्त र विकास निर्माणमा परम्परागत झाराप्रथा प्रचलित छ । यो नै मैकोट गाउँको सामाजिक विशेषता हो । मगर सांस्कृतिक नृत्यहरू सबै सामूहिक हुन्छन् । लहरै पैसेरी, भुम्या, डिग्रे, झोल्हा नाच मगर खाम बस्तीका परम्परागत सामूहिक नाच हुन्। भुम्या नाचमा पुरूषको गोलबद्ध लहरलाई महिलाले घेरेका हुन्छन् भने पुरूषहरू खुकरी भिरेर नाच्छन् । अगुवालाई पछयाएर गोलबन्द भई नाच्नु भुम्या नाचको विशेषता हो । पाका र ज्येष्ठतालाई प्राथमिकता दिइने यो नाचमा युवायुवतीहरू पनि सामेल हुन्छन् ।

मैकोट जाने पर्यटकहरूका लागि अर्को गन्तब्य हो यार्चा पाइने बुकीपाटन । मैकोट र रन्मामैकोट क्षेत्रमा पर्ने पुपाल, पुर्वाङ, फूलबारी, पानीढाल, माजेला, नाउरे, नयाँ वनलगायत ठाउँमा यार्चा पाइन्छ । मैकोटका धेरैजसो बस्ती ढोरपाटन सिकार आरक्षको प्रस्तावित मध्यवर्ती क्षेत्रभित्र पर्छन्। आरक्षले सिकार खेल्न छुटयाएको सात ब्लकमध्ये चारवटा त मैकोट अन्तर्गत पर्दछ । जैवीक विविधताका दृष्टिले मैकोट धनी ठाउँ हो । यार्सा सिजनमा लाग्ने मेलामा हजारौं मानिसहरू मैकोट पुग्दछन। जेठ र असारमा यार्सा किनबेचको चहलपहलपछि क्रमशः वन लसुन, कटुकी, चुल्थे, रातो च्याउ, निर्मसी, जस्ता जडिबुटीको ब्यापार मैकोटमा हुन्छ । हिमाली भेगमा बैशाख तिर हिउँ पग्लन्छ र बिरूवाहरू उम्रिएर फूल फूल्न सुरू गर्दछ । त्यही समयमा पुतलीहरूले फुल पार्न थाल्छन । सोहि पुतलीको लार्भा अवस्थामा रहेको झुसिलकिरा जमीन मुनि पुग्छ र झुसिलकिराको टाउकोमा ढुसी उम्रन्छ । यो ढुसी जमीन माथिको खैरो रंगको र जमीन मुनिको भाग पंहेलो रंगको हुन्छ । यार्सागुम्बा एक प्रकारको झुसिलकिराको टाउकोबाट ढुसी उम्रिएर बन्दछ । यार्सागुम्बा नेपाल र तिब्बतको हिमाली भागमा पाईने एक प्रकारको बहुमुल्य जडीबुटी हो । मैकोटका बासिन्दाहरूको आयआर्जनको मुख्य स्रोत यार्चा संकलन हो ।

माओवादी द्वन्द्वकालमा प्रयोग भएको गुरिल्ला ट्रेलका बारेमा पनि मैकोट पुग्ने पर्यटकहरूले अध्यन गर्न सक्दछन् । मैकोटको जंगल र खर्कहरूमा माओवादी द्वन्द्वकालमा छापामारहरू बस्ने गरेका आश्रयस्थल पनि पर्यटकहरूले देख्न सक्दछन् । म्याग्दीको सदरमुकाम बेनी, अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क र डोल्पाको सदरमुकाम दुनै आक्रमणका घाइते छापामारलाई राखिएका गोठ, ओडार र जंगल द्वन्द्वकालको घटना अध्ययन गर्ने पर्यटकका लागि थप महत्वको विषय हुन सक्छ । सदरमुकाम कब्जापश्चात् अपहरणमा परेका सरकारी अधिकारी, सेना र प्रहरीलाई सुरक्षित साथ बसाइएका घर अहिले पनि देख्न सकिन्छ । मैकोटमा माओवादी जनमिलिसिया र स्क्वायडहरूलाई छनौट गरी प्लाटुन स्तरमा युद्ध प्रशिक्षण दिइएको न्याल्बी खर्कको पनि पर्यटकहरूले अवलोकन गर्न सक्दछन् ।

द्वन्द्वकालताका गाउँघरमा सामाजिक अपराधस्वरूप माओवादीको कारबाहीमा परेका र राजनीतिक रूपले माओवादीभन्दा फरक धारका मानिसहरूलाई जनकारबाहीका नाममा खेतीपातीको श्रमशिविरमा खटाएर स्थानीय उत्पादनमा सघाउ पुऱ्याकएका घटना सत्यकथाको रूपमा गाउँलेबाट सुन्न सकिन्छ । मैकोटमा तत्कालीन राज्यस्तरबाट सञ्चालित किलो सेरा टु, कर्डन एन्ड सर्च जस्ता माओवादीलाई लक्षीत गरी प्रहरी र सेनाको अपरेसनमा गाउँका रित्तो पारेर ज्यान बचाउन आश्रय लिएका जंगल र ओडार आजभोली पर्यटकहरूका लागि अनौठो लाग्ने भएको छ । मैकोट गाउँका मानिसका जनयुद्धका कुरा सुन्दा पर्यटकहरू अनौठो मान्दछन्।

मैकोट युद्ध पर्यटन अर्थात् द गुरिल्ला ट्रेकिङका कारण पनि आजभोलि धेरै पर्यटक पुग्ने गरेका छन् । गुरिल्ला पदमार्गमा साना–ठूला ताल, नदी तथा खोला, मन्दिर, झरनाको दृश्यावलोकन गर्न सकिन्छ । गुरिल्ला मार्गले धेरैजसो द्वन्द्वपीडित बस्ती छुने भएकाले द्वन्द्वपीडितको बेदना, क्षति भएका भौतिक संरचना एवं विभिन्न संस्कृतिको अवलोकन गर्दा तत्कालीन युद्धको अनुभूति हुने गर्दछ। माओवादीले द्वन्द्वकालमा बनाएका आधार इलाका र द्वन्द्वका अवशेष अब पर्यटकीय स्थल बनेका छन् । गुरिल्ला पदमार्ग मगर खाम जातिको संस्कृति अध्ययनका लागि समेत पर्यटक पुग्ने गर्दछन् । तत्कालीन माओवादी र सरकारी पक्षको आक्रमणबाट बनेका अवशेषसमेत पर्यटकका लागि आकर्षणका केन्द्र बनेका छन् । गुरिल्ला पदमार्गमा पर्ने सम्पूर्ण स्थल द्वन्द्वताका तत्कालीन माओवादी र राज्य पक्षका सेना तथा प्रहरीले प्रयोग गर्ने मुख्य बाटोमा पर्दछ । गुरिल्ला पदमार्गमा साना–ठूला ताल, नदी, खोला, मन्दिर र झरनाको दृश्यावलोकन गर्न सकिन्छ । मैकोट जाने पर्यटकहरू ढोरपाटान पुगेकै हुन्छन् । पोखरा–बाग्लुङ भएर मैकोट जाने पर्यटकले पहिला ढोरपाटन घुमफिर गर्दछन् र पदमार्गबाट तकसेरा हुदै मैकोट पुग्दछन् । पर्यटकलाई मैकोटको पदयात्रा अबिस्मरणीय हुन्छन । नयाँ ठाउँमा यात्रा गर्न जति रमाईलो र मनोरम हुन्छ त्यतिनै कठिन पनि हुन्छ । कठिन यात्रालई सहज बनाउन आफ्नो स्वास्थ स्थितिको पनि ख्याल राख्नु पर्दछ । मैकोटको यात्रामा वातावरण तथा मौसम सुहाउदो लुगा साथमा लैजान पर्दछ । मैकोट यात्रामा चाहिने अत्यावश्यक सामग्री र मोबाइल साथमा हुनु पर्दछ । सकेसम्म यात्रामा समूहमा जादा राम्रो हुन्छ । यात्रामा आफ्नो स्वास्थ्यप्रति सजग र सचेत हुनुपर्दछ । ट्रेकिङ सुज, क्याप, चस्मा, ली, पानीको बोतल, सनब्लक अनिवार्य लानु पर्दछ । यसबाहेक हलुका लुगा, ज्याकेट पनि लैजान आवश्यक छ। कतिपय ठाउँमा होटेल–रेस्टुरेन्ट हुँदैनन। त्यसैले आफूलाई चाहिने खानेकुरा बोक्न बिर्सनु हुँदैन ।

### कसरी पुग्ने ?

मैकोट जादा रूकुम जिल्लाको भूगोलमा मध्यपहाडी लोकमार्गको यात्रा गर्नु पर्दछ। पोखरा–बाग्लुङ भएर मैकोट जादा बुर्तिवाङ निसीभुजी भएर पातिहाल्ने हुदै तक गाउँसम्म पुग्दा ९० कि.मीको सडक यात्रा गर्नु पर्दछ । तक गाउँमा जादा मध्यपहाडी लोकमार्गको कात्री बजार देखि सडक मार्ग छुट्टीन्छ । तक गाउँबाट मैकोट जादा बिरगुम, नयाँ बजार खैरीहुदै मैकोट पुग्न सकिन्छ । आजभोली कच्ची भएपनि मैकोट सम्म बलेरो र स्कारपिओ जस्ता मोटरबाट यात्रा गर्न सकिन्छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईंको आज

**मेष**
आज तपाईंको दिन प्रगति र सफलता प्राप्तिको हो। बौद्धिक क्षमतामा वृद्धि हुनेछ र सोचमा गहिराइ आउनेछ।

**वृष**
पेशागत क्षेत्रमा नयाँ अवसर प्राप्त हुन सक्छ। व्यक्तिगत सम्बन्धमा सन्तुलन राख्नु महत्त्वपूर्ण हुनेछ।

**मिथुन**
आज तपाईंको आत्मविश्वास र इच्छाशक्ति बलियो हुनेछ। गम्भीर निर्णयहरु लिनको लागि उपयुक्त समय हो।

**कर्कट**
समझदारीका साथ समय बिताउनु पर्छ। ध्यान दिनुहोस् कि अनावश्यक खर्चमा वृद्धि नहोस्।

**सिंह**
आजको दिन अनुकूल छ। बौद्धिक कार्यमा सफलता पाइनेछ र नयाँ विचारको उत्पत्ति हुनेछ।

**कन्य**
कार्य क्षेत्रमा तपाईंको मेहनत र ईमान्दारीले देखिनेछन्। नयाँ निवेशको विचार नगर्नुहोला ।

**तुला**
तपाईंको दिन उत्साह र ऊर्जा भरिएको हुनेछ। प्रियजनसँगको सम्बन्धमा सुधार आउने छ।

**वृश्चिक**
तपाईंका योजनाहरु सफल हुनको लागि तपाईंलाई अधिक समय र श्रमको आवश्यकता पर्न सक्छ।

**धनु**
व्यक्तिगत र सामाजिक जीवनमा सन्तुलन कायम राख्नका लागि समय निकाल्नु महत्त्वपूर्ण छ।

**मकर**
तपाईंको सोच र योजनामा प्रगति आउनेछ। पेसागत र व्यक्तिगत रूपमा समृद्धि र सफलता प्राप्त हुनेछ।

**कुम्भ**
आज तपाईंको दिन प्रयास र मेहनतको हो। महत्वपूर्ण निर्णयहरु लिनका लागि समय अनुकूल हुनेछ।

**मीन**
व्यावसायिक जीवनमा सकारात्मक परिवर्तनहरूको संकेत छ। मापन र सोचका साथ अघि बढ्नुहोला ।




नगर-प्रमुख मन्तव्य दिदैः तनहुँको व्यास नगरपालिकाले आयोजना गरेको मेयर कप वडा स्तरीय भलिबल प्रतियोगिताको शनिबार आयोजित समापन समारोहमा मन्तव्य व्यक्त गर्दै नगर प्रमुख वैकुण्ठ न्यौपाने । *तस्बिर : भञ्ज्याङ*

# निर्माणाधीन कोबाङ-जोमसोम सडक आठ वर्षदेखि अलपत्र

**रासस/मुस्ताङ**

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना (बेनी-जोमसोम) अन्तर्गत कोबाङ-जोमसोम खण्ड निर्माण कम्पनीको ढिलासुस्तीका कारण आठ वर्षदेखि अलपत्र परेको छ । बेनी-जोमसोमको ७४ किमीअन्तर्गत कोबाङ-जोमसोम खण्डको करिब १७ किमी सडक निर्माण कम्पनीको लापरबाहीका कारण आठ वर्षदेखि अलपत्र परेको हो ।

मुस्ताङको घाँसाबाट माथिल्लो स्थानसम्म कालोपत्र भइसक्दा कोबाङ-जोमसोम खण्डको तीन स्थानमा काम हुन सकेको छैन । कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम सडकको चार खण्ड आर्थिक वर्ष २०७३/७४ मा ठेक्का सम्झौता भई निर्माण थालनी गरिएको थियो । पप्पु-गौरी पार्वती कोशी एण्ड न्यौपानी जेभीले ११ मिटर चौडा सडक निर्माणसहित कालोपत्र गर्न रू ७० करोड लागतमा ठेक्का सम्झौता गरेको थियो ।



सुरूआती चरणमा उक्त खण्डमा निर्माण कम्पनीले काममा तीव्रता दिए पनि केही समयपछि ढिलासुस्ती गरेपछि काम रोकिएको थियो । लामो समयसम्म काम नगरेपछि कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाले निर्माण कम्पनीलाई कारबाहीको प्रक्रिया अघि बढाएको थियो ।

आयोजनाको पटकपटकको ताकेता र कारबाहीको प्रक्रिया अघि बढाइपछि जेभीको मुख्य कम्पनी गौरी-पार्वतीले उक्त खण्डको जिम्मा लिएको थियो । गौरी पार्वती निर्माणमा फर्किए पनि आंशिक रूपमा मात्र काम भएको छ । निर्माण कम्पनीको लापरबाही र ढिलासुस्तीका कारण कामले गति लिन नसकेको आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाका अनुसार उक्त सडक निर्माणका लागि कम्पनीलाई कूल ठेक्का सम्झौता लागतको शून्य दशमलव शून्य पाँच प्रतिशत हुनेगरी जरिवाना रकम कायम गरिएको छ । सुरूआती ठेक्का सम्झौता भएको कोबाङ-जोमसोम सडकको हालसम्म सातौं चरणमा म्याद थपको प्रक्रिया अघि बढेको आयोजनाका सूचना अधिकारी इञ्जिनीयर बाबुसाहेव बैठाले जानकारी दिनुभयो । उहाँका अनुसार हाल उक्त सडकको भौतिक प्रगति ९० प्रतिशत र वित्तिय प्रगति ८० प्रतिशत छ ।

कोबाङ-जोमसोम सडकअन्तर्गत थासाङ गाउँपालिकाको टुकुचेमा ४०० मिटर कालोपत्र र ३०० मिटर आरसिसी प्रविधिको सडक विस्तार गर्ने काम

*बाँकी अन्तिम पेजमा*


## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## लिखित परीक्षा सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/७/२८

व्यास नगरपालिकाका लागि आवश्यक पर्ने जनस्वास्थ्य अधिकृत पद करार सेवामा पदपूर्ति गर्न २०८२६।३ गते भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका अन्तिम नामावली बमोजिमका उम्मेदवारहरूको लिखित परीक्षा तपसिलको मिति, समय र स्थानमा हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| वि.नं. | पद | तह | लिखित परीक्षा मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १/०८२/८३ | जनस्वास्थ्य अधिकृत | सातौं | २०८२/८/१२ गते | दिनको १ बजे | व्यास नगरपालिका कार्यालय, दमौली, तनहुँ |

व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ

## शुक्लागण्डकी नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना प्रकाशित मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | तोल माया थापा | साविक दुलेगौंडा ८/क हाल शुनपा-०५ तनहुँ कित्ता नं. ४३७(०-३-०-३) | २०८२/०७/२७ | आरसिसि | पश्चिम तर्फ : कित्ता नं. ४२० |


# व्यापार सम्बन्ध सुदृढ, शुल्क दर घटाइयो

**रासस/सिन्हवा/वासिङ्टन**

संयुक्त राज्य अमेरिकाले स्विट्जरल्यान्ड (स्विस) आयातमा लाग्ने ३९ प्रतिशत शुल्क घटाएर १५ प्रतिशत पुऱ्याउने सहमति जनाएको छ ।

उक्त निर्णय शुक्रबार जारी गरिएको ह्वाइट हाउसको वक्तव्यमा उल्लेख गरिएको हो । महिनौंको वार्तापछि संयुक्त राज्य अमेरिका, स्विट्जरल्यान्ड र लिकटेन्स्टाइनबीच एक प्रारम्भिक व्यापारिक ढाँचा (फ्रेमवर्क) सम्झौता भएको ह्वाइट हाउसले जनाएको छ ।

सम्झौताका अनुसार स्विट्जरल्यान्ड तथा लिकटेन्स्टाइनका कम्पनीहरूले संयुक्त राज्य अमेरिकामा करिब २०० अर्ब अमेरिकी डलर बराबरको लगानी गर्नेछन्, जस मध्यमध्ये ६७ अर्ब डलर २०२६ भित्र लगानी गरिने छ ।

यो लगानी फार्मास्युटिकल, मेसिनरी, मेडिकल डिभाइस, निर्माण, उन्नत उत्पादन, सुन उत्पादन तथा ऊर्जा पूर्वाधारलगायतका विभिन्न क्षेत्रमा गरिने छ, जसले सबै ५० अमेरिकी राज्यमा हजारौं रोजगारी सिर्जना गर्ने ह्वाइट हाउसले जनाएको छ ।

देशहरुले यो व्यापार सम्झौताको अन्तिम रूप सन् २०२६ को सुरूतिर सम्पन्न गर्ने लक्ष्य राखेका छन् । १५ प्रतिशत शुल्क दर लागू भएपछि स्विस आयातलाई 'युरोपियन युनियनले पाएको जस्तै समान व्यवहार' मिल्ने ह्वाइट हाउसले जारी गरेको तथ्य पत्रकमा उल्लेख छ ।

स्विट्जरल्यान्ड अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत अगस्टमा ३९ प्रतिशत शुल्क लगाएको निर्णयपछि ठूलो प्रभावमा परेको थियो । यो दर उक्त वर्षको अप्रिलमा उहाँले धम्की दिएको ३१ प्रतिशतभन्दा पनि उच्च थियो।

स्विस भन्सार डेटा अनुसार, संयुक्त राज्य अमेरिका सन् २०२१ देखि स्विट्जरल्यान्डको सबैभन्दा ठूलो निर्यात बजार रहँदै आएको छ, जसले २०२४ मा स्विस कुल निर्यातको १८.६ प्रतिशत हिस्सा समेटेको थियो ।

गत वर्ष रसायन तथा औषधि, घडी उद्योग जस्ता स्विसका प्रमुख उद्योगका लागि अमेरिका सबैभन्दा ठूलो बजार थियो ।


## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि विहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००) अपरेशन सेवाः सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००)

**अपरेशन सेवाः सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ
**पुनश्चः** शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन
**प्रदेश अस्पताल दमौली, तनहुँ**

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**मंसिर ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मंसिर ०६ गते शनिबार**

१) दीर्घायु अस्पताल पोखराका हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा जोर्नी दुख्ने, जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्याक-क्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा हुने समस्याको उपचार ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ कात्तिक ३०, आइतबार
November 16, 2025




**जनसभाका क्रममा पदयात्रा :** नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँ जिल्ला कमिटीले शनिबार दमौलीमा आयोजना गरेको जन प्रदर्शन जनसभाका क्रममा निकालिएको पदयात्राका सहभागीहरू । *तस्बिर: भञ्ज्याङ*

# दलहरूबीचको एकता र विभाजन के निर्वाचन लक्षित मात्रै हो ?

**नारायण न्यौपाने/अशोक घिमिरे**/काठमाडौं

जेनजी आन्दोलनपछिको राजनीति परिस्थिति र आमनिर्वाचन घोषणा भएसँगै पछिल्लो समय मुलुकका राजनीतिक दलभित्र विभाजन र एकताको लहर चलेको छ । विभाजन र एकताका शृत्ला पुराना राजनीतिक दलमा नभई पछिल्लो समय वैकल्पिक शक्तिका रूपमा उदाएका दलहरूमा दोहोरिएको छ ।

त्यति मात्रै होइन, भ्रष्टाचार र बेथिति अन्त्यलगायत मुद्दा सारेर आन्दोलनमा होमिएका जेनजीका प्रतिनिधिबीच पनि कतिपय विषयमा मतैक्यता छैन । विशेषगरी शासकीय स्वरूप, संविधान संशोधन, निर्वाचन प्रणालीलगायत विषयमा उनीहरूबीच पनि फरक मत छ ।

खासगरी दलहरूबीचमा वैचारिक दृष्टिकोणभन्दा पनि तत्कालको परिस्थितिबाट फाइदा लिने अभिप्रायका साथ विभाजन र एकताका घटनाक्रम देखिएको विश्लेषकको भनाइ छ ।

पछिल्लो समय नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति र जनमत पार्टीबाट केही नेताहरू अलग्गिएर पार्टी तथा नयाँ राजनीतिक शक्ति निर्माणमा जुटेका छन् । माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टीलगायत विभिन्न १० राजनीतिक दल र राष्ट्रिय राजनीतिमा चर्चामा रहेका केही नेता मिलेर नेपाली कम्युनिष्ट पार्टी गठन भइसकेको छ । विभाजन र एकताको शृत्लामा विगतमा झैँ यसपटक पनि वामपन्थी विचारधाराका दलहरू नै अग्रस्थानमा छन् ।

वरिष्ठ अधिवक्ता रामनारायण बिडारी यस परिघटनालाई निर्वाचन लक्षित कार्यक्रमका रूपमा हेर्नुहुन्छ । "निर्वाचन घोषणा भएको हुनाले परिणाम आफ्नो पक्षमा पार्न दलहरू जुट्ने र विभाजन हुने यो निर्वाचन लक्षित कार्यक्रम मात्रै हो । यो असैद्धान्तिक छ, सिद्धान्त, विचार र दृष्टिकोणमा एकता देखिन्न", उहाँले भन्नुभयो।

यसलाई सबै दलमा बढिरहेको असन्तुष्टि तथा जेनजी आन्दोलनपछि नेताहरूमा देखिएको विचलित र त्रसित मानसिकताको उपजका रूपमा हेरिनुपर्ने उहाँको मत छ ।

पछिल्लो समय राजनीतिक दल पुनः गठन गर्ने भन्दै आफ्नो दल त्यागेका नेताहरू फेरि नयाँ दल सिर्जना गर्ने अभियानमा विभिन्न कोणबाट छलफलमा जुटेका देखिन्छन् । सो क्रममा माओवादीबाट अलग्गिएर प्रगतिशील राष्ट्रिय अभियान सञ्चालन गर्नुभएका नेता सुदन किराँती, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक दुर्गा सोब र रास्वपा छाडेका नेता सन्तोष परियारबीच आगामी मङ्सिर पहिलो साता पार्टी एकता घोषणा गर्ने सहमति भइसकेको छ । साथै जेनजीका अगुवामध्येका एक मिराज ढुङ्गानाले पनि पार्टी गठन गर्ने भन्दै पत्रकार सम्मेलन नै आयोजना गरिसक्नुभएको छ । यद्यपि उहाँले निर्वाचन आफूहरूको माग र प्राथमिकता नभएको उल्लेख गर्दै विकास र सुशासन पहिलो सर्त भएको बताउनुहुन्छ ।

अधिकारकर्मी डा राधा पौडेललाई भने राजनीतिक दलमा देखिएको फुट र जुट 'रमिता' जस्तो लागेको छ । "जेनजी विद्रोह र भोलिपल्टको घटनाभित्र लुकेका अन्तरनिहित कारण र आयामलाई जोड्नुपर्नेमा यसमा राजनीतिक दल चुके", उहाँ भन्नुहुन्छ, "त्यो कार्यभारप्रति ध्यान नदिएर दलमा एकता र विभाजन देखिएको छ । यसले हामीलाई कहीँ पनि पुर्‍याउँदैन ।" दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर भएको र उनीहरूले आशा दिलाउन नसक्दा आफैँमा टुटफुटको अवस्थामा पुगेको उहाँको भनाइ छ । मुलुकमा देखिएको बेथितिको कारणबारे एकरूपता नदेखिँदा 'बिरामी एउटा छ, उपचार अर्को' जस्तो भइरहेको अधिकारकर्मी पौडेलको टिप्पणी छ । *रासस*



## Surya Raj Acharya

x.com/SuryaRAcharya

अमन्त्रमक्षरं नास्ति, नास्तिमूलमनौषधम्।
अयोग्यः पुरूषो नास्ति, योजकस्तत्र दुर्लभः।।

मन्त्रमा नपर्ने अक्षर हुँदैन, औषधीय गुण नभएको वनस्पति हुँदैन, र योग्यता नभएको व्यक्ति हुँदैन। तर हरेक वस्तु/व्यक्तिको गुण पहिचान गरी सदुपयोग गर्ने मानिस भने दुर्लभ छन्।

यो सन्दर्भमा विद्यार्थीको क्षमता उजागर गर्नुको साटो घोकन्ते पढाइ लादेर विद्यार्थीलाई फेल बनाउने हाम्रो शिक्षा प्रणाली नै फेल छ।



## Raamesh Koirala

x.com/RaameshKoirala

सामाजिक सञ्जालको लहलहैमा सरकार चलाउने तरिका सुझाउने जेन्जी, भारतमा चुनाव जित्ने तरिका बताउने प्रशान्त किशोर र अपरेसन कसरी गर्ने भनेर मलाई नै सिकाउने दिदी हात्तीछाप चप्पलधरी हैनन्, खसोखास मायोज् चाउचाउ हुन् रेः बतास झैँ आयो, कपुर झैँ हरायो। यो कुरो मैले हैन, मेरो साथीले भनेको

# नारायणघाट-बुटवल सडक विस्तार राति मात्र

**रासस**/नवलपुर

पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल खण्डको गैँडाकोटमा रातिको समयमा मात्र सडक विस्तारको काम भइरहेको छ । नारायणी नदीको पुलबाट पश्चिमतर्फ १७० मिटर सडक कालोपत्रसँग जोडिन बाँकी रहेकाले रातिमा काम अगाडि बढाइएको हो ।

नारायणघाट बुटवल सडक आयोजना पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले हरेक दिन राति १० बजेदेखि भोलिपल्ट बिहान ४ बजेसम्म काम भइरहेको बताउनुभयो । "दिउँसोमा सवारीसाधनको चाप अत्यधिक हुने भएकाले सहज रूपमा काम गर्न समस्या देखियो", उहाँले भन्नुभयो, "रातिमा सवारीसाधनको न्यून चाप हुनाले सहज रूपमा सडक विस्तार भइरहेको छ ।" दिनमा यो सडकमा काम गर्दा सवारीसाधनको लामो जाम भएकाले ट्राफिक व्यवस्थापनमा समस्या देखिएपछि रातिमा काम थालिएको उहाँले बताउनुभयो ।

कार्यतालिका बमोजिम प्रगति हासिल भएमा अबको १० दिनमा यस सडकमा कालोपत्र गरेर सकिने सूचना अधिकारी खनालले बताउनुभयो । गैँडाकोटको यसखण्ड र दाउन्नेको पहाडबाहेक नारायणघाट बुटवल सडकको पूर्वी खण्डमा एकतर्फी कालोपत्रको काम भइसकेको आयोजना कार्यालयले जनाएको छ। चाडपर्व सकिएपछि सडक विस्तारको काम तीव्र गतिमा अगाडि बढिरहेको खनालको भनाइ छ ।

"दाउन्नेमा तीन किमी सडक कालोपत्र गरिँदै छ भने बाँकी करिब १० किमी ढलानको काम भइरहेको छ", उहाँले भन्नुभयो, "दुईतर्फी सडक कालोपत्र भइसकेको ठाउँमा भने डिभाइडर, सर्भिसलेनलगायत सौन्दर्यकरणको काम हुँदैछ ।" यस सडकको भौतिक प्रगति करिब ७० प्रतिशत हाराहारी पुगेको खनालले जानकारी दिनुभयो। उहाँका अनुसार नारायणघाट-बुटवल खण्डको ११४ किमीमध्ये पूर्वी खण्डमा ६५ किमी र पश्चिम खण्डमा ४९ किमी पर्दछ।

सडक विस्तारका क्रममा यस खण्डको १०० किमी चार लेनमा तथा दाउन्नेको १४ किमी सडक तीन लेनमा विस्तार हुँदैछ । भौगोलिक कठिनाइका कारण दाउन्नेमा तीन लेनमा मात्रै सडक विस्तार हुने आयोजनाका सूचना अधिकारी खनालले बताउनुभयो । उहाँका अनुसार विस्तारका क्रममा सहरी क्षेत्रमा सडकबाट उत्तरतर्फ र दक्षिणतर्फ अतिरिक्त दुई लेनलाई 'सर्भिस लेन'का रूपमा निर्माण गरिनेछ ।

# सामाजिक अगुवा शंखमान भुजेलको निधन

**भञ्ज्याङ समाचारदाता**/बन्दिपुर

तनहुँ जिल्ला बन्दिपुर गाउँपालिका-५, भुजेलगाउँ निवासी सामाजिक अगुवा शंखमा (शंखबहादुर) भुजेलको सोमबार ७६ वर्षको उमेरमा निधन भएको छ।

अल्पसंख्यक भुजेल समुदायका एक अग्रज व्यक्तित्व रहेका स्व. भुजेलको निधनले गाउँ शोकमा डुबेको स्थानीयले बताएका छन्। समाजको रीतिरिवाज जोगाउनेदेखि विद्यालय, मोटरबाटो, विजुली-बत्ती, खानेपानीलगायत आधारभूत पूर्वाधार निर्माणमा उनले निभाएको भूमिकालाई स्थानीयले अमूल्य योगदानको रूपमा स्मरण गरेका छन्।

आँदिमूल भुजेल सेवा समितिका पूर्व अध्यक्ष समेत रहेका स्व. भुजेल भुजेल गाउँका एक महत्त्वपूर्ण आधारस्तम्भका रूपमा परिचित थिए। "आफ्नो चुलो बलोस नबलोस समाज विकासमा योगदान त गर्नै पर्छ" भन्ने विश्वासका साथ उनले भुजेल आँदिबराही आधारभूत विद्यालयको स्थापना गरेका थिए।

उमेरको उत्तरार्धमा समेत बाँसको चोयाबाट नाङ्लो, डालोलगायतका सामग्री निर्माणमा सक्रिय रहेका उनी पछिल्लो वर्षहरूमा दम र ग्यास्ट्रिक समस्याबाट पीडित रहेको उनका छोरा रामबहादुर भुजेलले बताए।

स्व. भुजेलको परिवारमा श्रीमती, ३ छोराछोरी र ६ छोरीहरू छन्। उनको निधनबाट भुजेल गाउँले एक श्रमजीवी, विनम्र र प्रेरणादायी व्यक्तित्व गुमाएको स्थानीय समाजले जनाएको छ।

# सबै स्थानीय तहमा युवा परिषद् गठन गर्न आग्रह

**रासस**/काठमाडौं

राष्ट्रिय युवा परिषद्ले सबै स्थानीय तहलाई 'स्थानीय युवा परिषद्' गठन गर्न आग्रह गरेको छ।

परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले स्थानीय तहमा युवा परिचालन र युवा सरोकारका विषयमा काम गर्न र युवामैत्री शासनको प्रवर्द्धन गर्नका लागि स्थानीय युवा परिषद् गठन गर्न थालिएको बताउनुभयो । उहाँले स्थानीय तहमा नै युवा जनशक्तिलाई जागरूक बनाउनका लागि स्थानीय तहमा युवा परिषद् गठन गर्न थालिएको बताउनुभयो ।

उहाँका अनुसार ३६ वटा स्थानीय तहमा कार्यविधि बनाएर युवा परिषद् गठन गरिसकेका छन् । "सबै स्थानीय तहमा परिषद् गठन गर्नका लागि नमूना कार्यविधि बनाएर पठाएका छौँ । ती नमूनाका आधारमा कार्यविधि बनाएर स्थानीय तहमा परिषद् गठन हुनेछन्," उहाँले भन्नुभयो, "चाँडै नै पालिका अग्रसर भएर परिषद् गठन हुनेछन्।" परिषद्ले स्थानीय तह युवा परिषद् गठनका लागि 'स्थानीय युवा परिषद् गठन, परिचालन र युवामैत्री शासन सहजीकरण सामग्री २०८२' (नमूना), 'युवामैत्री शासन २०८२' र 'स्थानीय तह युवा क्लब गठनसम्बन्धी निर्देशिका २०८२' (नमूना) बनाएर सबै स्थानीय तहमा पठाएको छ ।

यस्तै बाग्मती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा प्रदेश युवा परिषद् गठन गरिएको छ । सरकारले युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चिततासँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ फागुन १९ गते राष्ट्रिय युवा परिषद् गठन गरेको हो ।

# निर्माणाधीन .......

बाँकी रहेको गौरी पार्वती निर्माण कम्पनीका प्रतिनिधि सुमन अधिकारीले बताउनुभयो । यस क्षेत्रमा कालोपत्र र आरसिसी प्रविधिको 'ड्रेन' र 'स्टक्चर'को काम सकिएको छ ।

साथै सोहीखण्डको मार्फा राजखोलाको पक्की पुलबाट माथिल्लो क्षेत्रमा करिब एक हजार २०० सय मिटर कालोपत्र गर्न बाँकी रहेको अधिकारीले जानकारी दिनुभयो । जोमसोमका पुथाङ विमानस्थल माथिबाट नेपाली सेनाको ब्यारेकसम्म करिब ५०० मिटर सडकमा 'स्टक्चर' र कालोपत्र गर्न बाँकी रहेको उहाँले बताउनुभयो ।

कम्पनीका प्रतिनिधि अधिकारीले कोबाङ-जोमसोम सडकको सम्पूर्ण काम मङ्सिर मसान्तसम्म सम्पन्न हुने दाबी गर्नुभयो । "हामीले जिम्मा लिएपछि कामलाई तीव्रता दिएका हौँ, सोहीअनुसार काम पनि भइरहेको छ", उहाँले भन्नुभयो, "अहिले कामदार धान काट्न घर गएकाले काम रोकिएको हो, अब एक हप्ताभित्रै कामले निरन्तरता पाउने छ ।"

राष्ट्रिय गौरवको बेनी-जोमसोमअन्तर्गतको चौथो खण्ड कोबाङ-जोमसोम सडक कालोपत्र नहुँदा पर्यटक, स्थानीयका साथै सवारीसाधन र पैदलयात्रीलाई सास्ती हुँदै आएको छ । कोबाङ-जोमसोम सडक पूरा भएमा मुस्ताङ र म्याग्दीको सिमाना घाँसाबाट कागबेनी-मुक्तिनाथसम्मको आवागमन सहज हुनेछ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४